# उच्च अदालत

## सुर्खेत

प्रथम पटक सूचना प्रकाशित मिति
मितिः-२०७७/०३/०१

विषयः-वैतनिक कानून व्यावसायी नियुक्ति सम्वन्धमा।

उपर्युक्त सम्वन्धमा यस अदालतमा मिति २०७७/०१/१६ गतेदेखि रिक्त रहेको वैतनिक कानून व्यावसायी पदमा रही काम गर्न इच्छुक अधिवक्ताहरुले आवश्यक प्रमाण पत्रहरुको प्रतिलिपी साथै राखी सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रु ५ /- को टिकट टाँस गरी यस अदालतमा दरखास्त दिनु हुन सम्वन्धित सवैका लागि यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक विवरणः-

१.पदः-वैतनिक कानुन व्यावसायी

२.संख्याः-१(एक)

३.नियुक्ति अवधिः-१ वर्ष

४.प्रदान गर्नुपर्ने सेवाः-*यस अदालतमा पर्न आएका कुनै पनि उजुरी निवेदन प्रतिवेदनमा अदालतले तोकेको असमर्थ पक्षको तर्फबाट अदालतमा उपस्थित भइ बहस पैरवी गर्ने,अदालती लिखत तयार गरी पेश गर्ने गराउने र आवश्यक कानूनी सल्लाह दिने तथा यस्तो सल्लाह तोकिए अनुसार कैद वा हिरासतमा रहेको व्यक्तिको हकमा समेत दिने र हप्ताको १ पटक कारागार भ्रमण गर्नु पर्ने।*

५.संलग्न हुनुपर्ने कागजातहरुः-

क).कानूनमा स्नातक प्रमाणपत्रको प्रतिलिपी।

ख).अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपी।

ग).सम्वन्धित विषयमा तालिम प्राप्त गरेको भए सो को प्रतिलिपी।

६.मासिक पारिश्रमिकः- नियमानुसार।

७.बहस गर्नुपर्ने अदालतः- उच्च अदालत सुर्खेत।

८.विस्तृत जानकारीको लागिः- यस अदालतको प्रशासन शाखामा सम्पर्क राख्नु हुन जानकारी गराइन्छ।

९.दरखास्त पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र दरखास्त पेश गर्न सकिनेछ।

१०.सम्पर्क मितिः-२०७७/०३/१७

२०७७/३/१९

.................
शाखा अधिकृत

पुनश्चः- *म्याद नाघि आएको र रित नपुगेको दरखास्त उपर कुनै कारवाही गरिने छैन।*

फोन नं. ०८३-५२०७६२,०८३-५२०२५८, फ्याक्स नं. ०८३-५२०७६२ Email: info.hcsurkhet@supremecourt.gov.np